# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड १ | संख्या ६ | मितिः २०७५/१०/०२

## भाग-१

## भरतपुर महानगरपालिका जनप्रतिनिधिहरुको आचार संहिता, २०७५

# भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

# भरतपुर महानगरपालिकाका जनप्रतिनिधिहरुको आचार संहिता, २०७५

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र प्रचलित कानून प्रति प्रतिबद्ध रही कानूनी राज्य संघीय लोकतान्त्रिक लाभहरुको न्यायोचित वितरण व्यवस्थापन र दिगो विकासको अवधारणालाई मूर्तरुप दिन र जनप्रतिनिधिहरुको मर्यादा, व्यवहारलाई शिष्ट बनाउन भरतपुर महानगरपालिकाका जनप्रतिनिधिहरुका लागि भरतपुर महानगरपालिका, नगर सभाको बैठकबाट पारित गरी जनप्रतिनिधिहरुले पालना गर्ने देहाय बमोजिमको आचर संहिता बनाई लागू गरिएको छ ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ-

क. यो आचार संहितालाई भरतपुर महानगरपालिका जनप्रतिनिधिहरुको आचार संहिता, २०७५ भनिने छ ।

ख. यो आचार संहिता, आगामी नगर सभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

## परिच्छेद-२

२. परिभाषाः

क. "स्थानीय तह" भन्नाले भरतपुर महानगरपालिकालाई जनाउदछ ।

ख. "प्रमुख" भन्नाले भरतपुर महानगरपालिका प्रमुखलाई जनाउदछ ।

ग. "जनप्रतिनिधि" भन्नाले भरतपुर महानगरपालिकाका प्रमुख लगायत सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरुलाई जनाउदछ

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउछ ।

## परिच्छेद-३

३. भरतपुर महानगरपालिकाका जनप्रतिनिधिहरुले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछः

क. जनप्रतिनिधिहरु नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा महानगरपालिकाले निर्माण गरेका विभिन्न कानूनहरु प्रति प्रतिवद्ध रहि प्रचलित कानूनले आफूलाई दिएको अधिकार प्रति सचेत रहि नागरिक (सेवाग्राही) को सेवामा सरिक हुनुपर्नेछ ।

ख. जनप्रतिनिधिहरुले कानूनले तोके बमोजिमको कुनै काम गर्दा कसैबाट आर्थिक प्रलोभनमा परी कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्ने वा आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिनु हुदैन । तर कुनै ठाउँ विशेषको पहिचान झल्किने खालको उपहार लिन यस दफाले बाधा पुर्‍याएको मानिने छैन ।

प्रमुख

ग. सार्वजनिक हितका लागि बाहेक कार्यपालिकाको स्वीकृति बिना कुनै कामका निम्ति कुनै किसिमको सहयोग माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुदैन ।

घ. आफ्नो वा आफ्नो एकाघरको परिवारको कुनै सदस्यको नाममा जुनसुकै श्रोतबाट अचल सम्पत्ति खरिद गरेमा लागत मूल्य समेतको जानकारी महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

ङ. महानगरपालिकाले प्रकाशित गरेको सूचना अनुसार गरिने कुनै पनि कामको खरिद प्रक्रिया (ठेक्का, टेन्डर, बोलपत्र) मा आफ्नो वा एकाघर परिवारको कुनै सदस्यको नाममा सहभागी हुनु हुदैन ।

च. सार्वजनिक स्थल तथा खुला ठाउँमा कुनै किसिमको पासा, जुवा, तास, चिट्ठा खेल्ने, बाजि लगाउने आदि जस्ता कार्य गर्नु गराउनु हुदैन ।

छ. महानगरपालिकाको स्वीकृत बिना कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा संचालनको काममा भाग लिनु हुदैन ।

ज. महानगरपलिकाबाट स्वीकृत नलिई अख्तियारी नभई आफूले लेखेको वा प्राप्त गरेको कुनै कागजातपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट महानगरपालिकाको प्रतिकूल हुनेगरि अनाधिकृत व्यक्ति वा कसैलाई सूचना गर्नु हुदैन ।

झ. महानगरपालिकाको दैनिक काम कारवाहीमा प्रतिकूल प्रभाव पर्ने वा कसैको व्यक्तिगत मान मर्दन हुनेगरी कुनै पत्र-पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन वा रेडियो वा टेलिभिजन तथा समाजिक संजाल मार्फत प्रशारण गर्नु हुँदैन ।

ञ. जनप्रतिनिधिको हैसियतले कानून बमोजिम आफुले गर्नुपर्ने काम तोकिएको समयमा गर्नुपर्ने छ ।

ट. कुनै पनि आस्थाको आधारमा सेवा ग्राही (नागरिक) प्रति भेदभाव गरिने छैन ।

ठ. प्रचलित कानून विपरित हुने बहुविवाह वा अनमेल विवाह गर्न गराउनु हुदैन ।

ड. कसैलाई यातना वा यौन जन्य दुरव्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गरिने छैन ।

ढ. आफ्नो कार्यालयमा काम गर्दा सबैसँग शिष्ट र हँसिलो व्यवहार गरिनेछ ।

ण. आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गरिनेछ ।

त. कुनै पनि जनप्रतिनिधले कुनै प्रकारले बालश्रम प्रयोग गर्न पाइने छैन । आफ्नो क्षेत्रभित्र त्यस प्रकारका बालश्रम प्रयोग गरेको देखिए नियन्त्रण गर्न पहल गर्नुपर्नेछ ।

थ. जनप्रतिनिधिहरु कानून बमोजिम महानगरपालिका र जनताप्रति उत्तरदायी हुनुपर्दछ ।

ध. कुनैपनि सार्वजनिक सरोकारको विषयमा निर्णय लिदा निहित स्वार्थको द्वन्द (Confict Of Interest) हुनु हुदैन ।

न. कार्यालय समय वा पदिय कामका सिलसिलामा मादक पदार्थको सेवन गर्नु हुँदैन । कार्यलिय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक, आदि स्थलहरुमा मद्यपान, धुमपान, खैनी, सूर्ती, गुट्का वा पान सेवन गर्नु हुदैन ।

प. अन्धविश्वास, अपसँस्कृति, जातिय छुवाछुत, जातिय विभेद, धार्मिक विभेद जस्ता रुढीवादी पुरातन एवम् अबैज्ञानिक मान्यता तथा प्रचलनको विरुद्धमा सामाजिक रुपान्तरणको प्रक्रियामा सक्रिय सहभागिता जनाउनु पर्दछ ।

फ. विभिन्न जातजाति वा धर्म सम्प्रदायका प्रचलित सामाजिक सस्कारहरु जस्तै विवाह, ब्रतबन्धन, पास्नी, जन्मोत्सव, भोज, आदि समुदायमा गलत प्रतिस्पर्धाको भावना ल्याउने खालका तडक भडक गर्नु हुँदैन र तडक भडक गर्न अरुलाई प्रोत्साहन गर्नु हुदैन ।

ब. जनप्रतिनिधिहरुले आफूलाई वर्तमान सूचना प्रणालि (ICT) मैत्री बनाउदै लग्नु पर्ने छ ।

भ. जनप्रतिनिधिहरु अध्ययनसिल हुपर्नेछ । नियमिति गर्ने काम कारवाहीका सन्दर्भमा आवश्यक पर्ने कानूनको जानकारी राख्न UP DATE हुनुपर्नेछ ।

म. कानूनले निर्दिष्ट गरे बमोजिम सार्वजनिक सरोकारको विषयसँग सम्बन्धित सूचना नियमित प्रवाह गरिनेछ ।

य. महानगरपालिकाको कार्यपालिका, वडा कार्यापालिका, विभिन्न समितिको बैठकहरुमा तोकिएको समयमा उपस्थित भइ विधिवत रुपमा बैठक अन्त नहुँदा सम्म अध्यक्षको अनुमति बेगर बैठकबाट बाहिरिने विषय आचार संहिता विपरित मानिनेछ ।

## परिच्छेद-४

### ४. अनुगमन तथा नियमनः

क. उपप्रमुख तथा कार्यपालिकाका सदस्यहरुले यो आचार संहिताको पूर्ण रुपमा परिपालना गरे नगरेको सम्बन्धमा नगर प्रमुखले अनुगमन गरी सम्बन्धित जनप्रतिनिधिलाई आचार संहिता पालन गर्न निर्देशन दिन सक्नेछन् ।

ख. वडा समितिका सदस्यहरुले यो आचार संहिताको परिपालन गरे नगरेको सम्बन्धमा सम्बन्धित वडा अध्यक्षले अनुगमन गरी आचार संहिता पालन गर्न निर्देशन दिन सक्नेछन् ।

ग. नगर प्रमुखले आचार संहिता पालन गरे नगरेको सम्बन्धमा कार्यपालिकाले अनुगमन गरी नगर सभामा प्रतिवेदन पेश गर्नेछ र आचार संहिता पालन गराउन नगर सभाले निर्देश गर्न सक्नेछ ।

प्रमुख

आज्ञाले

**नेत्रप्रसाद सुवेदी**

प्रमुख प्रशासकीय अधिकृत